*Received: January 13*
*Revised: April 2*
*Accepted: April 24*


# आमाले सोध्लिान् नि खोइ छोरो भन्लिन् ! गीतको सन्दर्भ विश्लेषण
# Amale Sodhlin Ni Khoi Choro Bhano : Context analysis of the song

अनिल Anil अधिकारी Adhikari
उप-प्राध्यापक नेपाली विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
aniladhikaribhojpur@gmail.com

**लेखसार**

प्रस्तुत लेख आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन् गीतको सन्दर्भ विश्लेषणसम्बद्ध रहेको छ । यही विषयलाई मुख्य शोधसमस्या निर्धारण गरिएको यस लेखमा भौतिक, वैयक्तिक र संज्ञानात्मक सन्दर्भलाई शोध्यसमस्या चयन गरिएको छ । सन्दर्भ विश्लेषणको सैद्धान्तिक आधारमा विवेचना गरिएको यो लेख पुस्तकालयीय कार्य हो भने यो गुणात्मक अनुसन्धानविधि र विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ । अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक संरचनामा भाषाले निर्माण गर्ने सन्दर्भका आधारमा पाठको विश्लेषण गर्ने अनुशासन सन्दर्भ विश्लेषण हो । प्रस्तुत गीतिसङ्कथनमा नेपालको राजनीतिमा २००७ सालको परिवर्तनपछि निरन्तर गतिशील रहेको प्रतिक्रान्ति र त्यसको नियन्त्रणको प्रयासस्वरूप भएको युद्धमा घाइते सैनिकले मृत्युवरण गर्नुपूर्व स्मरण गरेको विषय स्वकथनात्मक ढाँचामा प्रस्तुत भएको छ । अभावग्रस्त सामाजिक-आर्थिक परिस्थिति भौतिक सन्दर्भका रूपमा अभिव्यञ्जित यस गीतमा लाहुरेको मृत्युमा परिवारको दृष्टिकोण वैयक्तिक सन्दर्भ तथा परम्परा निर्दिष्ट लोकविश्वासमा जीवित रहने नेपाली मानसिकतामा कर्म दैवीनियति रहने एवम् लोकापवाद लिएर बाँच्नुभन्दा मृत्यु अँगाल्नु प्रीतिकर हुने संज्ञानात्मक सन्दर्भ प्रस्तुत भएको निष्कर्ष निकालिएको छ ।

**Abstract**

This article examines the context of the song *Amale Sodhlin Ni Khoi Choro Bhano*. Physical, personal, and cognitive context have been chosen as the primary research problems for this article. This article is a library work that was compiled using a qualitative research methodology and analytic framework. It is based on a theoretical analysis of reference analysis. Contextual analysis is a discipline that analyzes text based on the context that language creates in a linguistic structure that is higher than the paragraph level. In the presented song compilation, the counter-revolution, which has been continuously dynamic since the 2007 political change in Nepal, and the memories of a war-wounded soldier before his death are depicted.

*शब्दकुञ्जी :* समाख्याता, स्वकथन समाज, संस्कृति, संज्ञान, परिस्थिति

*Keywords: Literacy, soliloquy, society, culture, cognition, and circumstance*

**विषयपरिचय**

प्रस्तुत लेख झलकमान गन्धर्वको सङ्कलन, सङ्गीत तथा आवाजमा प्रसारित तथा नेपाली जनमानसमा लोकप्रिय रहेको "आमाले सोध्लिान् नि खोइ छोरो भन्लिन्" गीतको सन्दर्भ विश्लेषणसँग सम्बन्धित छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक रहेकाले जाति, भाषा र संस्कृतिसापेक्ष लोकसांस्कृतिक बहुलता यसको पहिचान हो भने यही संस्कृतिक बहुलतासापेक्ष सम्पन्न लोकसाहित्य यसको विशेषता हो । लोकसाहित्यको एक भेद रहेको लोकगीत तथा यसमा अभिव्यञ्जित सामाजिक, सांस्कृतिक, जातितत्त्व तथा यिनले सङ्केत गर्ने सन्दर्भमा नेपाली समाजको वास्तविकता प्रतिनिधित्व भएका हुन्छन् । नेपाली लोकगीत प्रसारण आरम्भसँगै स्वराङ्कन तथा दृश्यका माध्यमबाट प्रसारण हुन थालेपछि आम जनमानसमा बसेको यस गीतले मध्यनेपालस्थित २००७ सालको राजनीतिक परिवर्तनपछि पनि क्रियाशील विद्रोह र त्यसको नियन्त्रणका लागि युद्धमा खटिएको सैनिकको मृत्युपूर्व भएका घटनालाई कथ्यमा समेटेको छ । परिवारिक निवृत्तिभरणका लागि लाहुर जाने नेपालीको दुःखद् अन्त्य तथा अन्त्यका समयमा पारिवारिक दायित्वबाट अलग्गिई मृत्युवरण गर्न लागेको सैनिकले परिवारका सदस्यमा केकस्तो प्रभाव वा संवेदना वा अनुभूति रहन्छ भन्ने विषयको कलात्मक अभिव्यञ्जना पाइने यस लोकगीतमा मगरात क्षेत्रको सामाजिक, सांस्कृतिक तथा वैयक्तिक सन्दर्भको सटिक चित्रण भएको छ ।

सन्दर्भ विश्लेषण नवसमालोचनाशास्त्रले अघिसारेको अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक एकाइमा शब्द र वाक्यको अर्थभन्दा पृथक् भाषाले निर्माण गरेको सन्दर्भका आधारमा पाठको अर्थ खोज्ने अध्ययन पद्धति हो । पाठमा शब्द तथा वाक्यले दिने अर्थभन्दा माथि तिनै भाषिक एकाइले निर्माण गर्ने सन्दर्भका आधारमा अर्थ खोजी विवेचना गनुपर्ने विषय यस पद्धतिको अभिलक्षण हो । बहुअनुशासनात्मक र अन्तर्विषयक समालोचनाका रूपमा व्याख्येय रहेको यस सिद्धान्तले पाठमा रहेका सन्दर्भले व्यक्ति, समाज, संस्कृति र संज्ञानको अवस्थाका आधारमा पाठको अर्थ निर्धारण हुने अवधारणा अघिसारेको छ । सन्दर्भले प्रकार्यात्मक, साङ्केतिक, समाज, मनोभाषाविज्ञान तथा अर्थविज्ञानजस्ता क्षेत्रबाट सैद्धान्तिक आधार प्राप्त गरेको छ । सङ्कथनमा आएका शब्द तथा त्यसले निर्माण गरेको सन्दर्भले बोक्नसक्ने अर्थको विस्तृत तथा सूक्ष्म तहसम्म पुगेर अर्थको खोजी गर्ने यस सिद्धान्तले पाठमा अवशिष्ट अर्थलाई पाठबाहिरका सन्दर्भका आधारमा विश्लेषण गरी फरकफरक सन्दर्भको समुच्चयका रूपमा सिङ्गो पाठात्मक अर्थ निर्धारण गर्दछ । आर्थिक दृष्टिले पिछडिएको नेपाली समाज, आर्थिक उपार्जन तथा पारिवारिक बन्दोबस्तीका लागि परदेशिनु पर्ने आम युवाको बाध्यता, अर्काको सुरक्षाका लागि आफ्नो ज्यान गुमाउनु पर्ने परिस्थिति तथा त्यसको मनोवैज्ञानिक पक्षको सूक्ष्म विवेचना भएको प्रस्तुत गीत सन्दर्भ विश्लेषणका दृष्टिले उपयुक्त सामग्री रहेको छ ।

प्रस्तुत लोकगीतमा समाख्याताको व्यक्तिगत अनुभव तथा अनुभूतिकेन्द्री सन्दर्भसँग नेपाली परिवारको प्रतिनिधित्व गर्ने अन्य व्यक्तिको विषय जोडिई सामाजिक, सांस्कृतिक, पारिस्थितिक तथा संज्ञानात्मक सन्दर्भको प्रयोग भएको छ । समाख्याताको एकालापीय स्वकथनात्मक संरचनाविधान रहेको यस गीतमा सम्बोधितको भूमिकामा रहेका आफ्नो परिवार तथा नजिकका साथीसमक्ष पुऱ्याइदिनका लागि गरेको आग्रहका रूपमा प्रस्तुत भएको छ । प्रस्तुत लोकगीतमा सन्देश कथन कथ्यको अन्तरवस्तुमै समावेश भई विविध भूमिकामा रहेका व्यक्ति, तिनको परिस्थिति, तिनका सामाजिक, सांस्कृतिक विश्वास तथा संज्ञानको समेत सूक्ष्म विवेचना भएको छ । भौतिक परिवेशका रूपमा समाख्याता रहेको युद्धग्रस्त भूमि तथा त्यहाँको वस्तुस्थितिका साथै नेपाली समाजको भौगोलिक, सामाजिक तथा सांस्कृतिक सन्दर्भका माध्यमबाट नेपाली समाज, यसको संरचना तथा यहाँको विश्वासका विषयमा विवेचना भएको छ । प्रस्तुत लोकगीतमा नेपाली सामाजिक संरचनाभित्र परिवारको एक सदस्यका विषयमा अन्य सदस्य तथा नजिकका साथीको दृष्टिकोणका माध्यमबाट पारिवारिक, सामाजिक, सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भको प्रयोग भएको छ । सन्दर्भ विश्लेषणका आधारमा गीतिसङ्कथनको विवेचना गर्ने आधार प्रस्तुत गर्ने यो लेख उक्त सिद्धान्त तथा त्यससापेक्ष कृति विश्लेषण गर्न चाहने अध्येताका लागि प्राज्ञिक महत्त्वको रहेको छ ।

**समस्या र उद्देश्य**

गायक झलकमानसिंह गन्धर्वको सङ्कलन, सङ्गीत र आवाजमा स्वराङ्कन भएको “आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन्” गीतको सन्दर्भ विश्लेषण यस लेखको मुख्य समस्या हो । उपर्युक्त लोकगीतको सन्दर्भ विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्नलाई आधार बनाइएको छ ।

क) गीतमा वैयक्तिक सन्दर्भ के-कस्तो रहेको छ ?

ख) गीतमा सामाजिक-सांस्कृतिक सन्दर्भ कसरी प्रस्तुत भएको छ ?

ग) गीतमा संज्ञानात्मक सन्दर्भ प्रस्तुतिको प्रयोजन के हो ?

उपर्युक्त शोधसमस्या र शोध्यप्रश्नको प्रज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

**अध्ययनविधि**

प्रस्तुत लेखको शोधप्रश्नसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट र युट्यूबमार्फत भएको छ भने सामग्री प्राथमिक र द्वितीयक दुबै रहेका छन् । प्राथमिक स्रोतको सामग्रीको रूपमा सङ्कलक तथा गायक झलकमान गन्धर्व रहेको “आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन् !” बोलको गीत हो । द्वितीयक सामग्री सैद्धान्तिक विषय उल्लेख भएका अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । सामग्री विश्लेषणका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचा उपयोग भएको छ । प्रस्तुत लेखलाई निष्कर्षमा पुऱ्याउनका लागि विश्लेषणात्मकविधिको उपयोग भएको छ ।

**सैद्धान्तिक आधार**

सन्दर्भ विश्लेषण आधुनिक दार्शनिक भाषाविज्ञान तथा साहित्यको समालोचनामा समकालीन अध्ययन पद्धतिका रूपमा विकसित भएको विषय हो । भाषिक अध्ययनको विश्वव्यापी प्रभाव तथा नयाँ समालोचनाको भाषिक अध्ययनपद्धतिको पहिचान यस विषयलाई प्राप्त रहेको छ । सन्दर्भ अध्ययन भाषिक प्रकार्यसँग जोडिएर आउने विश्वदृष्टिकोण र अर्थका आधारमा साहित्यिक पाठमा आएका भाषिक संरचनामा अवशिष्ट अर्थका आधारमा पाठको अर्थ निर्धारण हुने मान्यताका व्यतिरेकमा पाठभित्र शब्दले संवहन गरेको सन्दर्भ तथा ती सन्दर्भका आधारमा पाठको अर्थ

निर्धारित हुने मान्यतामा केन्द्रित विषय हो । अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक संरचनामा शब्दमा रहेको अर्थले र वाक्यमा रहेको अर्थलाई प्रतिस्थापित गरी कसरी पाठको अर्थलाई विस्तृत तुल्याउँछ भन्ने विषयलाई केन्द्रमा राखी कृति अर्थात् भाषिक संरचनाको अर्थ निर्धारण गर्ने प्रक्रियालाई सन्दर्भ विश्लेषणका रूपमा लिइन्छ (चाइल्ड र फाउलर, २००६, पृ. ३४) । सन्दर्भ शब्द वा वाक्यका तहमा वितरित अर्थको अध्ययन गर्ने प्रक्रिया नभई अनुच्छेद संरचनाभन्दा माथि सङ्कथनात्मक संरचनामा अवशिष्ट अर्थको अध्ययन गर्ने पद्धति भएकाले यो सङ्कथन अध्ययनको क्षेत्रमा समावेश भएको विषय हो । सन्दर्भले पाठमा रहेका अर्थलाई अर्थगत समष्टिका आधारमा नभई शब्दले निर्माण गर्ने प्रत्येक सन्दर्भ पृथक् अर्थका आधारमा सन्दर्भगत अर्थ तथा ती सन्दर्भगत अर्थका आधारमा पाठको अर्थ निर्धारण गर्नुपर्ने विषय निर्धारण गरेको छ । सन्दर्भ विश्लेषणका आधारमा अनुच्छेद संरचनाभन्दा माथिका सबै विषयसँग सम्बन्धित भाषिक संरचनाको दार्शनिक, ऐतिहासिक तथा सांस्कृतिक अर्थ निर्धारण गर्नसकिन्छ (बल्डिक, २००६, पृ. ५०) । नव समालोचनाशास्त्रले विकास गरेको भाषासम्बद्ध यस सिद्धान्तमा भाषामा अवशिष्ट सन्दर्भका आधारमा पाठको अध्ययन गरी त्यसको अर्थ कहाँसम्म बिस्तारित रहेको छ भन्ने निष्कर्ष निकालिन्छ । सन्दर्भ विश्लेषणले साहित्यिक पाठको विश्लेषण गर्दा बाँधिएर रहेका अर्थलाई सहज तुल्याउन पाठमा आएका सबै प्रकारका अर्थलाई समेटी पाठको प्रमुख अर्थ अर्थात् निहितार्थ पहिचान गर्नसकिने आधार प्रदान गरेको छ (कडन, २०१३, पृ. १५५) । सन्दर्भ विश्लेषण आधारभूत रूपमा पाठ तथा पाठककेन्द्री अध्ययन रहेकाले पाठमा आएका सन्दर्भका विषयमा पाठकको व्यक्तिगत ज्ञान कहाँसम्म बिस्तारित रहेको छ त्यसैका आधारमा अर्थप्राप्ति हुने तथ्यमा आधारित रहेको छ । पाठमा अभिव्यञ्जित व्यक्तिगत, सामाजिक, सांस्कृतिक तथा उपर्युक्त अभ्यासमा व्यक्तिको संज्ञानको तह कहाँसम्म बिस्तारित रहेको छ पाठको अर्थ त्यहाँसम्म बिस्तार हुने विषयलाई सन्दर्भ विश्लेषणले केन्द्रमा राखी विवेचना गर्नुपर्ने अवधारणा विकास गरेको छ ।

सन्दर्भ विश्लेषण पाठमा आएका स्थिति, परिस्थिति, संस्कृति, व्यक्तिगत र सामाजिक ज्ञान, सांस्कृतिक अभ्यासका विषयमा व्यक्तिमा अवशिष्ट ज्ञानजस्ता विषयका आधारमा पाठको अर्थ खोज्ने प्रक्रिया रहेको छ । पाठमा आएका वैयक्तिक, सामाजिक, सांस्कृतिक स्थिति र परिस्थिति, तिनको पाठ निर्माणमा भूमिका, तिनको पाठ निर्माणमा भूमिका, घटनाक्रम, घटनाले पाठ निर्माणमा खेलेको भूमिका, भाषाले संरचना निर्माणका क्रममा सङ्केत गरेका वैयक्तिक सन्दर्भ, सामाजिक सन्दर्भ, सांस्कृतिक सन्दर्भ तथा व्यक्तिको ज्ञानमा आधारित सन्दर्भलाई समेत विवेचना गरी पाठको अर्थ निर्धारण गर्दछ (फ्लावरड्यू, २०१०, पृ. ४) । सङ्ककथन अध्ययनको प्रमुख अध्ययन क्षेत्र मानिने सन्दर्भले पाठात्मक संसारमा आएका विषयलाई व्यक्तिको ज्ञानमा समाज, संस्कृति तथा यी विषयप्रतिको संज्ञानात्मक अभिवृत्ति प्रस्तुत हुने सैद्धान्तिक मार्गनिर्देश गरेको छ । साहित्यको भाषापरक अध्ययन गर्ने यस सिद्धान्तले पाठात्मक अर्थलाई शब्द र वाक्यमा रहेका अर्थबाट सम्पृक्त गरी सन्दर्भका आधारमा विवेचना गर्नुपर्ने विधान निर्माण गरेको छ भने यसको सैद्धान्तिक आधार निर्माण व्ययवस्थापरक प्रकार्यात्मक भाषाविज्ञानको भूमिका रहेको छ । व्यवस्थापरक प्रकार्यपरक भाषाविज्ञानका अनुसार पाठले भौतिक संसारको वास्तविकता (वस्तुगत संसार, सामाजिक संसार र मानसिक संसार)का सहभागीहरूका बिच सम्बन्ध स्थापना गरेको हुन्छ । सहभागीका अभिवृत्ति, इच्छा, मूल्य, मान्यता आदिलाई अन्ततः सम्बन्धित तुल्याई पाठलाई परिस्थितिजन्य सन्दर्भसँग जोड्ने कामसमेत गरेको हुन्छ (गौतम, २०६८, पृ. ५८२) । सन्दर्भले पाठमा अवशिष्ट भौतिक संसारसँग सम्बन्धित ज्ञानलाई व्यक्तिगत ज्ञानसँग जोडेको हुन्छ । पाठको सङ्कथनपरक सन्दर्भ विश्लेषणका लागि प्रकार्यपरक भाषाविज्ञानले सैद्धान्तिक आधार प्रदान गरेको छ । भाषिक सन्दर्भमा उल्लेख भएका विषयका अतिरिक्त पाठमा समावेश भएका सामाजिक जीवनका विविधतापूर्ण पक्ष र सामाजिकीकरण प्रक्रियाका साथै सांस्कृतिक स्थितिको विवेचनाबाट पाठात्मक संसारमा रहेका सन्दर्भको वास्तविक अर्थ प्राप्त हुन्छ (ह्यालिडे र म्याथिसेन, (१९७७, पृ. ३१-३२) । सन्दर्भ पाठमा रहेका व्यक्तिगत भौतिक र संज्ञानात्मक विषयको समेत विवेचना गरी पाठको वास्तविक अर्थ प्राप्तिको आधार निर्माण गर्ने भएकाले यो समाज, सामाजिक अभ्यास, संस्कृति, सांस्कृतिक अभ्यास तथा समाजमा ज्ञान निर्माणको प्रक्रिया कसरी निर्माण र स्थापित रहेको छ भन्ने पक्षसँग जोडिएको छ । भाषिक संरचनामा खास उद्देश्यमा प्रयोग हुँदा भाषाको रूप र संरचनाले दिने विशेष अर्थ सन्दर्भ रहेकाले यो निहितार्थतासँग जोडिन्छ (गी, १९९९, पृ. १००) । सङ्कथनमा रहेका भाषिक तथा गैरभाषिक सङ्केतका आधारमा गरिने विश्लेषणमा पाठमा आएका भाषिक सङ्केतमा रहेका पाठबाहिरका सन्दर्भ तथा तिनको सामाजिक अभ्यासलाई हेरिनु सन्दर्भपरक अध्ययनको अभिप्राय हो (घिमिरे, २०६९, पृ. ५) । साहित्यिक वा गैरसाहित्यिक कृतिको सन्दर्भपरक विश्लेषण गर्दा पाठमा आएका विषयका अतिरिक्त त्यसले सङ्केत गरेका पाठबाहिरका सन्दर्भका आधारमा अर्थ निर्धारण गर्दा कृतिको अर्थ बिस्तारित र व्यापक हुने तथ्यसिद्ध छ । कृति, कृतिलेखनको आधार, समय, परिस्थिति तात्कालिक विश्वदृष्टिकोण, सामाजिक अभ्यास तथा त्यसले व्यक्तिको ज्ञान निर्माणमा खेलेको

भूमिकाजस्ता विषयको अध्ययनबाट पाठको वास्तविक अर्थ प्राप्तिका लागि रचनात्मक भूमिका निर्वाह हुने गर्दछ । संरचना सम्बद्धता र पाठगत भाषिक रूप र त्यसले सङ्केत गर्ने सन्दर्भको खोजी गरिन्छ । सन्दर्भ विश्लेषण अन्तर्विषयक अध्ययन रहेको तथा यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४ : २४१) । सङ्कथन विश्लेषणमा संरचना सम्बद्धता र पाठगत भाषिक रूपको खोजी गरिन्छ । भाषिक प्रयोग सन्दर्भ विशेषमा हुन्छ र हामीले प्रयोग गरेको जुनसुकै भाषिक रूपले सन्दर्भलाई संमेटेको हुन्छ । जहाँ सन्दर्भ समायोजित हुन्छ त्यहीँ पाठको संरचना निर्माण भएको हुन्छ । भाषिक रूपको अध्ययनमा सन्दर्भ अलग्गिन सक्तैन र भाषिक रूपले समेटेको प्रकार्यको पनि निर्धारण हुन्छ । यस अर्थमा भाषिक रूपको अध्ययन भनेको प्रकार्यको अध्ययन हो र प्रकार्यको अध्ययनमा स्वतः सन्दर्भ समाहित हुन्छ भन्ने कुरा स्पष्ट छ (गौतम, २०६८, पृ. ५७२) । सङ्कथनको विश्लेषणको आधार भाषा भएकाले कृतिमा प्रयुक्त भाषिक रूपले जति सन्दर्भलाई तानेर ल्याउन सक्छ, पाठको अर्थ त्यहाँसम्म जाने तथा भाषिक प्रयोक्ताको आशयको खोजी भएकाले यो भाषापरक बहुअनुशासनात्मक विषय बनेको हो । भाषिक संरचनका रूपमा रहेको गीतिसङ्कथन “आमाले सोध्लिन् नि खै छोरो भन्लिन्” व्यक्तिगत, पारिवारिक, सामाजिक, सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भका कोणबाट अध्ययनीय सामग्री रहेको छ ।

**विश्लेषण र नतिजा**

प्रस्तुत लोकगीत नेपाली समाज र सामाजिक संरचनामा रहेको यथार्थलाई समेटी तयार भएको गीतिसङ्कथन हो । प्रस्तुत गीतमा नेपालमा जहानियाँ राणाशासनविरुद्ध भएको सशस्त्रक्रान्तिको सफलतापछि दिल्ली सम्झौतालाई धोका मानी प्रतिक्रान्तिमा क्रियाशील रहेका आन्दोलनकारीलाई नियन्त्रण गर्नका लागि सरकारद्वारा परिचालन गरेको सैनिकको मरणको विषयसँग जोडिएको सन्दर्भ प्रस्तुत भएको छ । एउटा सैनिक सरणासन्न रहँदा उसको मानसिक संसारमा रहेका भौतिक, वैयक्तिक र संज्ञानात्मक सन्दर्भको अभिव्यञ्जना समाख्यानात्मक ढाँचामा प्रस्तुत भएको यस लोकगीतमा नेपाली समाजिक संरचनामा एउटा व्यक्तिको मृत्युमा परिवार र समाजमा के-कस्तो प्रभाव रहन्छ तथा त्यसका सामाजिक र सांस्कृतिक विश्वास कसरी प्रकट हुन्छन् भन्ने विषय सटिक र सारपूर्ण ढङ्गमा प्रस्तुत भएको छ । प्रस्तुत गीतमा अभिव्यञ्जित भौतिक, वैयक्तिक, तथा संज्ञानात्मक सन्दर्भलाई अलग्गै उपशीर्षकमा विश्लेषण गर्नु उपयुक्त ठहर्दछ ।

**गीतमा भौतिक सन्दर्भ**

प्रस्तुत गीतिसङ्कथनमा दुई अलगअलग विषयका माध्यमबाट भौतिक सन्दर्भ प्रस्तुत भएको छ । समाख्याताले गीतको स्थायीमा केन्द्रीय विषयको स्थापनासँगै घर र परिवारभन्दा टाढा रहेको लाहुरेले आफ्नो भाग्य वा कर्मका विषयमा अनुभव तथा टिप्पणी गरेको तथा आमालाई सम्बोधन गरी आफू युद्धमा रहेको तथा युद्धको परिणाम यस्तै हुन्छ भन्ने विषय अनिश्चित रहेको सन्दर्भ प्रस्तुत भएको छ । गीतको पहिलो अन्तरामा पारिवारिक निभृत्तिभरणको जोहोका साथै राष्ट्रका लागि केही योगदान दिने मनसायबाट लाहुर गएको परिवारको जिम्मेवार छोराको विषयभित्र विशेष गरी आमाको मानसिकतामा आएका तर्कना समाख्याताको एकालापी कथनका माध्यमबाट प्रस्तुत यस गीतमा मुख्य भौतिक सन्दर्भ समाख्याताको कथयिता पात्र ऊ अर्थात् लाहुरे तथा उसले बाँचेको परिवेशसँग सम्बन्धित रहेको छ । कथामा भौतिक सन्दर्भको स्थानिक विषयका रूपमा नेपाली राजनीतिमा एकतन्त्रीय जहाँनियाँ राणाशासन विरोधी आन्दोलनको सफलता तथा शान्ति स्थापनाका लागि भएको दिल्ली सम्झौता र यो सम्झौता नेपाली नागरिकको पूर्ण प्रजातन्त्र प्राप्तिको चाहनामा कुठाराघात हो भन्ने क्रान्तिकै निरन्तरतालाई निस्तेज गर्न सञ्चालित सशस्त्र आन्दोलनलाई नियन्त्रण गर्ने ऐतिहासिक सन्दर्भ पनि प्रस्तुत भएको छ । सरकारी र सरकारविरोधी सेनाबिचमा युद्ध भएको स्थान, शोकमग्न रहेको ग्रामीणक्षेत्रमा स्थित परिवार तथा उक्त स्थानको वस्तुता भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ । प्रस्तुत गीतमा छोरो सरकारी सेनामा जागिरे रहेको तथा आफ्नो छोरोजस्तै फौजमा गएका अरूका सन्तान जाँदा आउँदा आमाको मानसिकताका छोरो युद्धमा मरेको हो कि भन्ने आशङ्का अभिव्यक्त भएको छ । अरूका सन्तान आउनेजाने क्रम चलिरहँदा पनि आफ्नो सन्तान नआउँदा आमाको मनोविज्ञानसँगै तत्कालीन परिस्थिति युद्धमा फसेको, युद्धमा विजय सरकारी पक्षकै मात्र हुनसक्ने सम्भावनामाथि आमाको आशङ्कासँगै अरूका लाहुरे सन्तान आउनेजाने क्रममा रहँदा आफ्ने सन्तान नआउँदा आमाको मानसिकतामा रहेको अन्तर्द्वन्द्व स्वकथनात्मक ढाँचामा प्रस्तुत भएको छ ।

सबैका आउँछन् लौ सबैका जान्छन् २
हाम्रा त आउँदैनन् र
कि हाम्रा छोरा नि धावैमा परे
कि विदा पाउँदैनन् र

घरपरिवारमा सरकारी जागिर खाने तथा पारिवारिक निवृत्तिको जिम्मेवारी लिने परिवारको आशाको केन्द्रविन्दु घरमा नआउँदा परिवारका अन्य सदस्यमा उत्पन्न विविधतापूर्ण मानसिकताले सृजना गरेको भौतिक अवस्थाको प्रस्तुति भएको छ । गीतको दोस्रो अन्तरा कुनै व्यक्तिको भौतिक उपस्थिति रहँदा वा नरहँदा परिवाससँगै उसको परिवार बाँचेको परिवेशमा के-कस्तो परिस्थिति निर्माण हुन्छ भन्ने विषयमा केन्द्रित रहेको छ । परिवारको कुनै सदस्य रहँदा वा नरहँदा त्यहाँ कसको उपस्थिति वा सोच कस्तो प्रकारको रहन्छ भन्ने विषय यस सङ्कथनको सन्दर्भलाई सूचित र स्थापित गर्ने मुख्य विषय रहेको छ । लामो समय घरबाहिर रहेको लाहुरेको घरको भौतिक अवस्था तथा त्यहाँको मानसिकता प्रस्तुत भएको छ । यसका अतिरिक्त सरकारी र सरकारी जागिर खाएपछि अर्थात् स्थानीय भाषामा राजाको सिन्दूर पहिरिएपछि भनेको समयमा छुट्टी नपाउने, निकै लामो समय छोरो नआउँदा परिवारमा बेचैनी तथा त्यसको मानसिक प्रभाव देखिन थालेको विषय यस गीतिसङ्कथनका भौतिक सन्दर्भ हुन् । समाख्याताले यस धर्तीमा प्राणीजगत् र वनस्पतिजगत्का सम्पूर्ण जीवित वस्तुका लागि स्थान सुरक्षित रहेको तथा आफ्नो छोरो पनि कहीँकतै आफ्नो कर्तव्यमा व्यस्त रहेको अनुमान आमाको मानसिकताका माध्यमबाट प्रस्तुत गरेको छ । ऐतिहासिक महत्त्वको क्रान्तिलाई शान्तिपूर्ण अवतरणतर्फ प्रवृत्त गराउने तथा क्रान्ति अपूर्ण नै रहेकाले सशस्त्र विद्रोहको औचित्यलाई निरन्तरता दिने समूह तथा त्यसमा पनि राजनीतिक र सशस्त्र राजनीतिक समूहका बिचको द्वन्द्व निरूपण गर्ने सन्दर्भमा एउटा नेपालीले वीरगति पाइरहँदा उसको परिवार तथा समाख्याता बाँचेको भौतिक सन्दर्भ अझ भनौं समाख्याताको भौगोलिक तथा त्यहाँको आर्थिक पक्ष गीतमा भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ ।

बटौलीको बजारमा (चार पैसाको लाहा छैन)२
शिरै काट्यो गोलीले
रनमा परी मरेछन् लाहुरे

नेपालको मध्यभागमा अवस्थित लुम्बिनीक्षेत्र तथा त्यसमा पनि पुरानो बुटबल बजार र आसपासको क्षेत्र यस गीतको भौतिक परिवेश हो । नेपाली परिवेशमा बजारीकरणको न्यूनता तथा त्यसभित्रका अभाव रहेको सन्दर्भ प्रस्तुत भएको यस गीतमा नेपाली समाज आर्थिक दृष्टिले पिछडिएको तथा अभावबिच जीवनयापन गर्नुपर्ने अवस्थाको चित्रण भएको छ ।

**गीतमा वैयक्तिक सन्दर्भ**

प्रस्तुत गीतको पहिलो अन्तरामा समाख्याताले छोरो फर्किएर नआउनुको कारण सरकारी निर्णय व्यक्तिका आवश्यकता र आकाङ्क्षा गौण रहने तथा राज्य सञ्चालनको विधानअनुसार नै आफ्नो छोरो घर नआएको हुनसक्ने आमाको मानसिक संसारसँगै आमाको निजी आशय व्यक्तिगत सन्दर्भका रूपमा प्रस्तुत भएको छ । व्यक्ति परिवारको मात्र नभई समाज र राष्ट्रको समेत सदस्य रहेकाले उसको दायित्व सबै क्षेत्रमा समान रहनुपर्दछ तथापि लाहुरे भएर देशको सेवामा खटिएका अरूका छोरा फर्किएर आउँदा आफ्नो सन्तान नआउनुका पछाडिको रहस्यका विषयमा आमाको मानसिकतामा जन्मने सोच यस गीतमा अभिव्यञ्जित पहिलो वैयक्तिक सन्दर्भ हो ।

राजाको हुकुम लौ नपाइने छुट्टी
भनेको बेलैमा र
धरती चिरी नि बास लियो
बाँसको छोरा तामा र

राज्य, जनता तथा देशको अखण्ड सार्वभौमिकताको सुरक्षार्थ खटिएको आफ्नो सन्तान अरूका छोराजस्तो पटकपटक छुट्टीमा आई कर्तव्य निर्वाहनिम्ति विमुख हुने व्यक्ति नभई देशमा पूर्णतः शान्ति सुव्यवस्था कायम भएपछि मात्र घर फर्कने कर्तव्यपरायण सच्चा राष्ट्रभक्त रहेको गर्वको अनुभूति आमामा सञ्चरण भएको छ । सृष्टिको नियमित क्रमस्वरूप जसरी बाँसको तामाले धरती चिरेर आफ्नालागि स्थान प्राप्त गर्दछ त्यसैप्रकार आफ्नो छोराले पनि अरूका सन्तानका तुलनामा विशेष अस्तित्वशाली गर्विलो अनुभूति दिने अटल विश्वास आमामा रहेको सन्दर्भ प्रस्तुत भएको छ । समाख्याताले आफ्ना बहादुर सन्तानप्रति गर्वको अनुभूति आमामा सञ्चरित भइरहँदा छोराको भौतिक तथा मानसिक अवस्थाका विषयमा संवेदनशील भइरहँदा छोराको वास्तविकता आमाको सोचभन्दा पृगक रहेको विषयतर्फ कथ्यलाई मोडेको छ । छोरो देशको सुरक्षार्थ खटेको, अशान्तिलाई पराजित गरी शान्ति स्थापनाका लागि लागेको, बाँसको तामाजस्तो दिगो र स्थायी शान्ति स्थापना गरी छोरो फर्कने अटल विश्वासमा रहेकी आमाको मानसिकतामा छोराको कर्तव्य परायणतामाथि गौरव रहेको छ । देशको सुरक्षाका लागि छोरो फर्कने आशावादी आमाको सोचभन्दा पृथक् घटनाक्रम छन् भन्ने विषयमा आमाको

अनभिज्ञता प्रस्तुत गरेको समाख्याताले लाहुरेको मृत्यु भौतिक र मानसिक कारणको संयोजनबाट भएको सन्दर्भ प्रस्तुत गरेको छ ।

दुश्मनको गोली नि शिरैमा लाउँदा
सम्झ्यो बाउआमा र २
असिनाजस्ता नि गोलीले
रनमा परी मरेछन् लाउरे
विरहले ती लाउरे दाइ
ख्याल मायाले धारिलो हजुर

लाहुरेले वीरगति प्राप्त गरिरहँदा उसको मृत्युको कारण शिरमा गोली लागेर भएको भौतिक कारणका अन्तर्यमा मानसिक कारण पनि शक्तिशाली रहेको सन्दर्भ साङ्केतिक रूपमा प्रस्तुत भएको छ । काव्यशास्त्रीय कोणबाट श्लेषअलङ्कारको स्पष्ट अभिलक्षण पाइने यस सन्दर्भमा लाहुरेको मृत्युको कारण युद्धमा लागेको गोली भौतिक सन्दर्भसँगै कार्यका रूपमा देखिए पनि त्यससँगै जोडिएको कारण पारिवारिक अनुत्तरदायी मिथ्या प्रेमसम्बन्ध रहेको विषय अप्रत्यक्ष रूपमा प्रस्तुत भएको छ ।

आमाले सोध्लिन् नि ! खोइ छोरा ! भन्लिन् २
रज है खुल्यो भन्दिए २
बाबाले सोध्लान् नि ! खोइ छोरा ! भन्लान् २
रण जित्दै छ भन्दिए २
प्रियाले सोध्लिन् नि ! खोइ स्वामी ! भन्लिन्
बाटो फुक्यो भन्दिए २
साथीले सोध्लान् नि ! खोइ लाहुरे ! भन्लान्
माया मार भन्दिए २

परिवारमा सन्तानको माया तथा तिनीहरूप्रतिको आआफ्नै सम्बन्धगत उत्तरदायित्व रहने गर्दछ । परिवारभित्र आमाले आफ्ना सन्तानका विषयमा सोच्ने विषय अन्य सदस्यले सोच्ने सन्दर्भभन्दा तुलनात्मक रूपमा शक्तिशाली हुन्छ भन्ने विषय यस उद्धरणका सुरुका दुईपङक्तिमा अभिव्यञ्जित भएको छ । यसका अतिरिक्त समाख्याताले परिवारको सदस्य तथा सन्तानका रूपमा बाबुको दृष्टिकोण श्रीमतीको श्रीमान्‌प्रतिको अवधारणा तथा छरछिमेकीको साथीप्रतिको दृष्टिकोण समान नभई पृथक् हुन्छन् भन्ने फरक सन्दर्भलाई प्रस्तुत गरेको छ । लाहुरे हुनु व्यक्तिको रहर वा बाध्यता जे भए पनि युद्धमा घाइते भएको लाहुरे अर्थात् समाख्याताले प्रस्तुत गरेका सन्दर्भमा आमाको प्यारो सन्तान, बाबुको वीर तथा उसको इज्जतलाई थप प्रतिष्ठित तुल्याउने छोरो, श्रीमतीको सोचमा आफ्नो जीवनचेतना एवम् आकाङ्क्षा विपरीत दमन गर्ने पुरुष, साथी तथा छिमेकीका नजरमा तिनीहरूको स्थानसापेक्ष आवश्यक व्यक्तिजस्ता अलगअलग व्यक्तित्वको समुच्चय एउटै व्यक्ति समाख्याता रहेको विषय प्रस्तुत भएको छ । मानवीय विशेषताअनुरूप एउटै व्यक्तिमा अलग विशेषता रहने विषयका साथै एउटै व्यक्तिको अनेक भूमिकाका आधारमा पृथक् व्यक्तित्व हुने पक्ष यस गीतमा वैयक्तिक सन्दर्भका रूपमा अभिव्यञ्जित भएको छ ।

**गीतमा संज्ञानात्मक सन्दर्भ**

भाषामा सन्दर्भ हुने भएकाले भाषिक संरचनामा प्रस्तुत हुने सङ्केतव्यवस्थाले निश्चित सन्दर्भलाई निर्देशित गर्ने तथ्यसिद्ध छ । भाषिक संरचनामा प्रस्तुत हुने सङ्केतव्यवस्थामा समाज, संस्कृति तथा तद्विषयक संज्ञानको पनि अभिव्यञ्जना हुने भएकाले भाषामा निहित अर्थमा रहेको सामाजिक-सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भको पनि विश्लेषण गरी तिनको अर्थ खोज्ने कार्य गरिन्छ । प्रस्तुत “आमाले सोध्लिन् नि खै छोरा भन्लिन् !” गीतमा अभिव्यञ्जित सामाजिक-सांस्कृतिक र संज्ञानात्मक सन्दर्भलाई अलगअलग विवेचना गर्नु समीचिन ठहर्दछ ।

**सामाजिक-सांस्कृतिक सन्दर्भ**

प्रस्तुत गीतिसङ्कथनमा नेपालको मध्यक्षेत्रमा प्रचलनमा रहेको गाथागायन परम्परा र त्यसले प्रतिबिम्बन गरेको सामाजिक-सांस्कृतिक सन्दर्भको प्रस्तुति भएको छ । प्रस्तुत गीतिसङ्कथनमा समाज निर्माणको आधारभूत एकाइका रूपमा रहने व्यक्ति, परिवार तथा तिनका बिचको पारस्परिक सम्बन्धका माध्यमबाट समाजमा व्यक्तिको भूमिका केकस्तो हुन्छ ? व्यक्तिप्रति समाजको धारणा कसरी निर्माण हुन्छ ? एवम् व्यक्तिका विषयमा समाजमा प्रस्तुत भएका धारणाले कसरी सामाजिक-सांस्कृतिक अवधारणाको निर्माण हुन्छ ? भन्ने विविध विषय प्रस्तुत भएको छ । यस गीतिसङ्कथनमा प्रस्तुत

भएका सामाजिक-सांस्कृतिक सन्दर्भ व्यक्तिको व्यक्तिगत मान्यताका आधारमा भएको विषयलाई निम्नलिखित उद्धरणमा अभिव्यञ्जित भएको छ :

दाजैले सोध्लान् नि ! खोइ भाइ ! भन्लान् २
अंशै बढ्यो भन्दिए २
भाउजूले सोध्लिन् नि ! खोइ देवर ! भन्लिन् २
खसी काट भन्दिए २
भाइले सोध्लान् नि ! खोइ दाजै ! भन्लान् २
घेरामा परे भन्दिए २
दिदीले सोध्लिन् नि ! खोइ भाइ ! भन्लिन्
माइती घटे भन्दिए
बहिनीले सोध्लिन् नि ! खोइ दाजै ! भन्लिन् २
चोली घट्यो भन्दिए २
छोराले सोध्लान् नि ! खोइ बाबा ! भन्लान् २
टोपी झिक भन्दिए २
छोरीले सोध्लिन् नि ! खोइ बाबा ! भन्लिन्
सुनचुराको दान दिए २
प्रियाले सोध्लिन् नि ! खोइ स्वामी ! भन्लिन्
बाटो फुक्यो भन्दिए २
साथीले सोध्लान् नि ! खोइ लाहुरे ! भन्लान्
माया मार भन्दिए २

पारिवारिक संरचनामा पैतृक सम्पत्ति छोराहरूमा समान अंश लाग्ने परम्परा सामाजिक अभ्यासको रूपमा संस्थागत भएकाले परिवारमा पुरुष सन्तानको मृत्यु भएपछि सम्पत्तिको अधिकार दोस्रो सन्तानमा हस्तान्तरण हुने सामाजिक सन्दर्भ यस उद्धरणका पहिला दुईपङ्क्ति तथा तिनको पुष्टि भाउजू आफ्नो लोग्नेको अंश बढेपछि सम्पन्न हुँदै जाने सन्दर्भ सामाजिक-सांस्कृतिक सन्दर्भसँग जोडिन्छ । यस गीतमा एउटै परिवारमा सदस्यको पारस्परिक सम्बन्धमा हुने विविधता तथा त्यसको सामाजिक पक्षको अभिव्यञ्जना समाख्याताका माध्यमबाट प्रस्तुत हुने क्रममा दिदीको भाइप्रतिको दृष्टिकोण सकारात्मक रहने, बहिनीले दाजुबाट विविध प्रकारको अपेक्षा गर्ने, छोराछोरीले अभिभावकत्व गुमाउनुका साथै आफ्ना रहरसमेतको अन्त्य हुने भएकाले लाहुरे एउटै भए पनि उसको व्यक्तिगत, पारिवारिक र सामाजिक-सांस्कृतिक भूमिका पृथक् रहने हुँदा व्यक्तिको मृत्युको असर सबै संरचनामा समानान्तर रूपमा पर्ने विषयको प्रस्तुति समाख्याताका माध्यमबाट भएको छ । गीतको पहिलो अन्तरामा लाहुरेको मृत्युको कारण युद्धका क्रममा उसको शिरमा लागेको गोली वा उसको माया दुर्घटित भएर भएको हो भन्ने श्लेषात्मक सन्दर्भको प्रस्तुति भएको छ । समाख्याताले लाहुरे रणमा गोली लागेर घाइते भएको यथार्थसँगै उसको मृत्युको कारण प्रेम र पारिवारिक जीवनमा आएको तिक्तता वा पत्नीसँगको बेमेल सम्बन्ध हो भन्ने सन्दर्भ प्रस्तुत गरेको छ भने पतिपत्नीबिचको सम्बन्ध चिसिएको कारणको पुष्टि प्रिया अर्थात् पत्नीलाई बाटो फुक्यो भनिदिनू भन्ने सन्दर्भले पुष्टि गरेको छ । व्यक्तिगत रूपमा परिवार र समाजमा आफ्नो प्रतिष्ठा स्थापित गरेको लाहुरे पत्नीसँगको अनमेल र असमझदारीका कारण विक्षिप्त रहेको तथा युद्धमा गोली लागेर घाइते भएको अवस्थामा लाञ्छनाका कारण ज्यान गुमाउनुभन्दा युद्धमै मारिनु श्रेयष्कर हुने ठानेर रणमा होमिएको दोहोरो सन्दर्भ प्रस्तुत भएको छ । समाख्याताले जीवनका लागि व्यक्तिको पारिवारिक दायित्वका साथै आत्मसम्मानको प्रभाव रहने हुँदा पतिपत्नी सम्बन्धका कारण लाञ्छित हुनुभन्दा युद्धमा वीरतापूर्वक सत्रुको सामना गरी वीरगति प्राप्त गर्नु सुखद् र प्रतिष्ठित हुने सामाजिक सन्दर्भमा त्यसको सांस्कृतिक कारण पारिवारिक सम्बन्ध नै हो भन्ने पक्षलाई प्रस्तुत गरेको छ ।

**संज्ञानात्मक सन्दर्भ**

पाठात्मक संरचनामा प्रयोग भएको भाषा प्रतिबिम्बन हुने सामाजिक-सांस्कृतिक, वैयक्तिक एवम् भौतिक पक्षमा अवशिष्ट निहिततार्थ संज्ञानात्मक सन्दर्भका रूपमा अभिव्यञ्जित भएका हुन्छन् । प्रस्तुत गीतिसङ्कथनमा सामाजिक सन्दर्भको दीर्घकालीन अभ्यासबाट निर्माण भएको संज्ञानात्मक सन्दर्भको संयोजन भएको प्रमाण निम्नलिखित उद्धरणमा भएको छ :

कस्तो लेख्यो नि ! भावीले कर्मलीला
खै मलाई हजुर ! २
शिरको स्वामी स्वर्गे हुँदा (घर बस्नेलाई थाहा छैन)२
बाबा रुन्छन् लौ वर्षदिन
आमा जुगैभरि लौ हजुर

प्रस्तुत गीतको समाख्याताले मान्छेको कर्म लेख्ने कार्य विधाताको रहेको तथा उसले लेखेको भाग्यरेखा अपरिवर्तनीय रहने विश्वासलाई संज्ञानात्मक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ । मान्छे जन्मिएको छैटौँ दिनमा भावीले उसको कर्म र जन्मनुको प्रयोजन निर्धारण गर्दछ भन्ने लोकमान्यता यस गीतमा अभिव्यञ्जित संज्ञानात्मक सन्दर्भको मुख्य प्रमाण हो । समाख्याताले सामाजिक-सांस्कृतिक सन्दर्भका रूपमा प्रतिबिम्बित पतिपत्नी सम्बन्धमा रहनुपर्ने विश्वास गुमाएको लाहुरेको अवस्थाका बारेमा कुनै सूचना नै नपाएको बहानामा आफ्नो परपुरुषगामी चरित्र प्रस्तुत गर्ने पत्नीको भूमिकाबाट आहत भएको अवस्थामा नामर्दको उपाधि पाउनुभन्दा वीरतापूर्वक मृत्युवरण गर्नु श्रेयष्कर ठानेको सन्दर्भका माध्यमबाट पारिवारिक अनमेल मान्छेको मृत्युको कारकसम्म बिस्तारित हुनसक्छ भन्ने विषय प्रस्तुत गरेको छ । यसका अतिरिक्त गीतमा परिवारभित्र जसजसको जेजे भूमिका रहे पनि त्यसको दीर्घकालीन असर वा प्रभाव आमाबाबुमा सीमित रहने तथा त्यसमा पनि आमाका लागि जीवनभर पीडादायी हुने संज्ञान सम्प्रेषण भएको छ । गीतले सन्तान के हो ? भन्ने बोध आमाको अन्तर्यमा मात्र दीर्घकालीन प्रभाव राख्ने भएकाले सृष्टिप्रक्रियामा आमाको भूमिका तथा सन्तानप्रतिको चिन्तन प्रगाढ रहने निहितार्थ प्रस्तुत गरेको छ ।

**निष्कर्ष**

प्रस्तुत “आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन्” गीतको सन्दर्भ विश्लेषणसम्बद्ध यस लेखमा उपर्युक्त गीतमा भौतिक, वैयक्तिक र संज्ञानात्मक सन्दर्भको विवेचना भएको छ । आमनेपालीको मानसिकतामा रहेको यस लोकगीतले नेपालमा भएको २००७ सालको राणाविरोधी आन्दोलनको समापन मानिने दिल्ली सम्झौता विरोधी क्रान्तिको निरन्तरतालाई दमन गर्ने प्रयोजनका लागि भएको सशस्त्र युद्धको विषयलाई प्रस्तुत गरेको छ । उक्त समयमा भएको लडाईंमा घाइते योद्धाको मानसिकता कथ्यकथनका रूपमा प्रस्तुत भएको यो गीत सन्दर्भ विश्लेषणका कोणबाट अध्ययनीय सामग्री रहेको छ । सन्दर्भ विश्लेषण अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक संरचनामा भाषाले निर्माण गर्ने सन्दर्भका आधारमा पाठको अर्थ खोज्ने अध्ययन पद्धति हो । भाषिक एकाइले निर्माण गर्ने सन्दर्भका आधारमा पाठको अर्थ खोजी विवेचना गर्ने अर्न्तअनुशासनात्मक यो सिद्धान्त पाठमा रहेका सन्दर्भले व्यक्ति, समाज, संस्कृति र संज्ञानलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । प्रस्तुत गीतिसङ्कथनमा २००७ सालको क्रान्तिलाई सफल मान्ने र धोका मान्ने पक्षबिच युद्ध भएको क्षेत्रमा अवस्थित भौतिक सन्दर्भलाई प्रस्तुत गरेको छ । यस क्रममा नेपालको राजनीतिमा २००७ सालको परिवर्तन, दिल्ली सम्झौता तथा त्यसलाई धोका मानी क्रान्तिरत आन्दोलनलाई दमन गर्ने उद्देश्यले सरकार र क्रान्तिरत प्रतिपक्षबिचको युद्धमा सहभागी सिपाहीले मृत्युवरण गर्नुपूर्वका स्मृति एकालापी कथन समाख्यानात्मक ढाँचामा भएको छ । यस गीतमा प्रस्तुत वैयक्तिक सन्दर्भ सामाजिक रूपमा प्रतिष्ठा प्राप्त लाहुरे पत्नीसँगको अनमेल र असमझदारीका कारण विक्षिप्त रहेको तथा युद्धमा गोली लागेर घाइते भएको अवस्थामा लाञ्छनाका कारण ज्यान गुमाउनुभन्दा युद्धमै मारिनु श्रेयष्कर हुने ठानेर रणमा होमिएको दोहोरो प्रकार्य हो । यस गीतमा संज्ञानात्मक सन्दर्भ पारिवारिक रूपमा जुन भूमिका रहे पनि एउटा व्यक्ति र उसको मृत्युको कारण भावीको लेखान्तका साथै सन्तानप्रति आमाको दृष्टिकोण र आजन्म पीडाको विषय सन्ततिको मृत्यु हो भन्ने निहितार्थ प्रस्तुत भएको निष्कर्ष हुनआउँछ ।

**सन्दर्भ सामग्रीसूची**

एटम, नेत्र (सम्पा.) (२०७४). *संक्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). “सङ्कथन विश्लेषण”. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार । पृ. ५७१-५९१

घिमिरे, वासुदेव. (२०६९). *सङ्कथन विश्लेषण.* एन्टेक्चुअल्ज बुक प्यालेस ।

Baldick, C. (2015). *The Oxford Dictionary of Literary terms.* (4th ed). Routledge publications.

Child, Pitter and Rose Flower.(2015). *The Routledge Dictionary of Literary terms.* (3th ed). Oxford University Press.

Cuddon, J. A.. (1976/2020). *A Dictionary of Literary Terms and Literary Theory*. (5th ed). Wiley-Blackwell.

Flowerdew, Jhon. (2013). Discourse in English Language Education. (3th ed). Routledge publications.

Gee, James Paul. (2011). *An Introduction To Discourse Analysis : Theory and Method.* (3th ed). Routledge publications.

Halliday, M. A. K. and M. I. M Matthiessen. (2004). *An Introduction To Functional Grammar.* (3th ed). Hodder Arnold.

youtube.com/watch?v=6UAvdkCweoM #Musicnepal#jhalakman#nepalisongs